# बालबिवाह जन्मदर्ता अभियान कार्यक्रमको प्रगति प्रतिवेदन – २०८०

**पलिकाको नाम :– जगरनाथपुर गाउँपालिका, पर्सा**
**कार्यक्रमको अवधि :– २०८० साल**
**रिपोर्ट तयार गर्नेको नाम र पद :– उतम राम, समाजिक परिचालक**
**कार्यक्रमको नाम :– बालबिवाह बिरुद्ध तथा जन्मदर्ता अभियान कार्यक्रम ।**

## कार्यक्रमको पृष्ठभुमि

यस जगरनाथपुर गाउँपालिका मधेश प्रदेशको पर्सा जिल्ला १४ वटा स्थानिय तह मध्ये जगरनाथपुर गाउँपालिका एक हो । जसमा साविक गा.बि.स. ७ वटै वडा हाल परिवर्तीत ६ वटा वडाहरु छन । जस मध्ये कार्यक्रम लक्षित वडा नं १,४,६ वडाहरुमा कार्यक्रम सन्चालन भएको छ । यस पालिकामा अशिक्षा, बेरोजगारी, कृषि, पशुपालनमा अधारित जनसमुदाय हो । तसर्थ जगरनाथपुर गा.पा.का किशोर_किशोरी, महिला पुरुष को अज्ञनता र जनचेतनाको कमिले सानै उमेरमा बिवाह भएको तथा यस पालिकामा बिपन्न वर्ग, दलित,मुस्लीम, समुदाय तथा यादव समुदाय बसोबास भएको हुनाले यस पालिकामा धार्मिक, समाजिक परम्परा अनुसार बढि प्रभावित रहेको समुदाय हो । यस पालिकाको साना साना बालबालिकाहरुको शिक्षाबाट बन्चित रहेका तथा बिधालयमा ड्रप आउट को समस्या दयनिय छ । यस कार्यक्रमबाट धेरै जनसमुदाय वडा बासीहरुमा सहर्ष जनचेतनामुलक देखिएको छ ।

## कार्यक्रमको उदेश्य

यस जगरनाथपुर गाउँपालिका कार्यलय तथा युनिसेफ नेपाल मधेश,प्रदेशको सहयोगमा यस बालबालिका, किशोर किशोरी बालबिवाह बिरुद्धबाट मुक्त गर्न तथा जन्मदर्ता, बिवाह दर्ता समयमा गर्न गराउन अधिकारबाट बन्चित रहेको बालबालिकाहरुलाई जन्मदर्ता गराई शिक्षामा पहुच पुर्याउन तथा किशोरकिशोरी भाई बहिनीहरुलाई बालबिवाह बाट मुक्त गरी २० बर्ष उमेर पुगी शिक्षा, स्वास्थ्य, रोजगारी तथा शिप, ज्ञान हासिल गर्न र प्रजनन् दर बाट मुक्त हुने मुख्य उदेश्य रहेको छ ।

## कार्यान्वयन भएका कियाकलाप को संक्षिप्त जानकारी :–

= यस जगरनाथपुर गाउँपालिका कार्यालयबाट तथा युनिसेफ नेपालको सहयोगमा नेपालको संविधान धारा ३९ को उपधारा १ तथा बालबालिका सम्बधी ऐन २०७५ को दफा – ४ ले प्रत्येक बालबालिकाहरुलाई नामाकरण गर्न तथा जन्मदर्ता पहिचानको अधिकार गरीएको छ । तथा बालबिवाह बाट मुक्त गर्न कानुनी दण्ड, सजाय ऐन सम्बन्धी जानकारी गर्न गराउनको लागी यस कार्यक्रम तथा पालिका बाट ९ जना स्वयंसेवक खटिएको थियो । जस मध्ये २ महिला र ६ जना पुरुष रहेका थिए । खटिएका स्वयंमसेवकहरुले (१०४५) एक हजार पैतालिस जन्मदर्ता तथ्याङ्क सङ्कलन गरेको छ । तसर्थ वडा नं १ पिडारीगुठी बाट २३० जना, वडा नं ४ जगरनाथपुरबाट ५४१ जना,र वडा नं ६ संन्ठी औराहा २७४ जना रहेको छ । यस कार्यक्रमबाट सात हजार घर परिवारमा जनचेतना को लागी ब्रोसर, पोष्टर, पम्पलेट बितरण र जिन्गंल साउण्ड बजाईएको छ । साथै ऐन सम्बधि पेपरहरु बितरण गरिएको छ । साथै जन्मदर्ता तथ्याङ्क सङ्कलन गरि सम्बन्धित वडा कार्यालयमा वडा अध्यक्ष र दण्डाअधिकारी सचिव र पन्जीकरण शाखामा जन्मदर्ता गर्ने, गराउन सम्बन्धीत सरोकारवाला निकायहरुलाई प्रेणित गरी संदेश र सुचना प्रवाह गरियो । पालिका स्तरिय र वडा स्तरिय अभिमुखिकरण कार्यक्रम गरि सरोकारवाला र जनसमुदाय निकायहरुलाई जनचेतना मुलक कार्यक्रम गरिएको छ ।

## क्रियाकलाप अनुसार सहभागी संख्या

| क्रियाकलाप | सरकारी कर्मचारी | | जनप्रतिनिधी | | अन्य | | कुल संख्या |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| पालिकास्तरिय अभिमुखीकरण कार्यक्रम | ५ | ११ | ७ | ११ | ४ | ८ | ४६ |
| वडास्तरीय अभिमुखीकरण कार्यक्रम | २९ | ३१ | ७ | ९ | ४ | १२ | ९३ |
| अनुगमनमा सहभागी ब्यक्तीहरु | | १ | २ | २ | | | ५ |
| प्रचार प्रसार सामग्री बितरण | बालबालिका | | | समुदायका सदस्य | | | कुल संख्या |
| | बालक | बालिका | अन्य | महिला | पुरुष | अन्य | |
| | १२०० | १५०० | ४ | २२०० | ८५० | ८ | ५७६२ |
| जिङ्गल प्रसारण | २१०० | १४५० | ५० | २५०० | ११०० | ५०० | ७७०० |
| सडक नाटकमा उपस्थिती | ५०० | ३५० | २५ | ७२५ | ९७० | १०५ | २६७५ |
| जन्मदर्ता नभएको बालबालिका | ५०८ | ५०५ | | ११ | २१ | | १०४५ |

## कार्यक्रम का उपलब्धीहरु :=

१.धेरै महिलाहरुको नागरिकता र बिवाह दर्ता नभएको कुराहरु स्पष्ट भयो ।

२.जन्मदर्ता नभएका बालबालिकाहरुको तथ्याङ्कबाट संख्या थाहा भयो ।

३.आमाको नागरिकता नभएकोले बिवाह दर्ताबाट जन्मदर्ता गराईयो ।

४.बिधालयबाट बन्चित रहेका बालबालिकाहरु बिधालय जान पाए ।

५.पैतिस दिन भित्र पन्जिकरणबाट नि:शुल्क सेवा सुबिधा लिन पाए ।

६.बालबालिकाहरु बालबिवाह हुन बाट जोगिए ।

७.आफनो स्वास्थ्य मा हुने हानिनोक्सानीबाट कसरी जोगिने भन्ने कुराहरु स्पष्ट बुझ्न् पाए ।

८. बालबालिकाहरु अधिकार बाट बन्चित हुन बाट जोगिए ।

९.अभिभावकहरु जन्मदर्ताको महत्व बुझी समयमै जन्मदर्ता बनाउन बाचा गरे ।

१०.शिक्षा र शिप को बाटो खुलेको मेहशुस गरियो ।










## यस कार्यकम का सकारात्मक पक्षहरु :–

१.समयमा जन्मदर्ता र घटना दर्ता गर्न ।

२.समयमा सरकारी सेवा सुविधाबाट बन्चित हुनबाट जोगियो ।

३.बालबालिकाहरुको अधिकार सुनिस्चीत गर्नमा सहयोग पायो ।

४.बालबिवाह न्युनिकरण गर्ने र महिलाहरुको सिप, शिक्षा, रोजगारी, आर्थिक अवसर पाउन सहयोगको भावना जाग्यो ।

५.पालिका कार्यालय र पन्जिकरण बिभाग शाखा संघिय सरकार, प्रदेश सरकार, स्थानिय तह र वडा कार्यालय नि:शुल्क सेवा सुविधाहरुको बारेमा जानकारी पाए ।

६.स्वाथ्यको महत्व बुझि सुखिमय जिवन बिताउन सोच बनाए ।

## नयाँ कुरा

७.समुदाय संचेत भई जनचेतनाको बृद्धि भयो ।

८.नेपालको संविधानको ऐन कानुन सम्बन्धी जानकारी र ज्ञान बाट हासिल गरियो ।

९.अधिकार प्राप्त गर्न अवसर भयो ।

१०.कम अमेरमा बिवाह गर्दा हुने हानी नोक्सानी बाट जोगिए ।

११.घटना दर्ता सम्बन्धी जानकारी भयो,जस्तै:–जन्मदर्ता, बिवाहदर्ता,मृत्युदर्ता, सम्बन्धबिच्छेद, बसाईसराई, बालबिवाहबाट हुने खतराहरु बारे पुर्ण रुपमा जनसमुदायहरुमा पुर्ण जानकारी ताजगी भयो ।

१२.नि:शुल्क सेवा सुविधा घटना दर्ता बारे समय अवधिमा गर्न जानकारी भयो ।

## चुनौतीहरु

१.समयमा काम सम्पन्न गर्न समस्या देखियो ।

२.पालिका बाट निकासा ढिलो भयो ।

३.जनप्रतिनिधीहरु कार्यक्रम मा समय कम दिन खोजेको ।

४.समुदायमा जन्मदर्ता तथ्याङ्क संङ्कलन गर्दा समुदायका ब्यक्तीहरु बोल्नमा लाज मानेको ।

५.बिपन्न मुस्लीम समुदायहरुमा जादाँ किशोरी, महिलाहरुको उपस्तिथी न्युन हुने तथा जानकारी लिन स्वयमसेवकहरुलाई तथ्याङ्क संकलनमा समस्या देखियो ।

६.बालबिवाह सम्बन्धी समुदायमा समाजिक, धार्मिक, सांस्कृतिक, पितृसत्ता सोच र दाईजो प्रथा खर्च जस्ता समस्याहरु बढी देखियो ।

७.छोटो समय अवधि भरिका कार्यक्रम भएकोले सबै वडाहरु नसमेटिएको ।

८.इत्यादी समस्याहरुको सामना गर्नु पर्यो ।

## अगामी दिनका लागी सुझाव

९.जन्मदर्ता तथा बालबिवाह सम्बन्धी कार्यक्रम सबै वडा र पालिका स्तरमा हुनु पप्यो ।

१०.सम्पुर्ण बिधालयहरुमा जनचेतनाको लागी घटना दर्ता सम्बन्धी अभिमुखीकरण तथा जनचेतना मुलक कार्यक्रम गर्दा अझ प्रभावकारी हुने ।

११.स्वास्थ्य स्वयंमसेविकाहरुलाई महिला तथा बालबालिका को लागी स्वास्थ्य सम्बन्धी तालिमहरुको ब्यवस्था गर्ने । ईत्यादी ।


जिङ्गल प्रसारण र पोस्टर वितरण कार्यक्रम वडा नं.६


जिङ्गल प्रसारण र पोस्टर बितरण कार्यक्रम वडा नं.१


वडा नं.४ कार्यक्रमका तस्वीरहरु


गा.पा.स्तरिय कार्यक्रम ब्रोसर र पोस्टर बितरण कार्यक्रम


घरघुरी सर्वेक्षण गर्दाका तस्वीरहरु वडा नं.४


पोस्टर वितरण का तस्वीरहरु हरपुर–४


प्रचारप्रसार गर्दाका तस्वीरहरु वडा नं.४ को विधालय



जिङ्गल प्रसारण र पोस्टर बितरण कार्यक्रम वडा नं.१



प्रचारप्रसारका तस्बीररहरु वडा नं. ६, संन्ठी औराहा



जन्मदर्ता सम्बन्धी बताउदै खटिएका स्वयंमसेवकका तस्बीर वडा न..४




का वडा नं.१ मा अभिमुखीकरण कार्यकम गर्दै प्रशिक्षक झलक




वडा नं. ४ मा अभिमुखीकरण कार्यकम गराउदैका तस्बीरहरु


वडा नं.१ मा अभिमुखीकरण कार्यक्रम गर्दैका तस्वीरहरु
बालविवाह विरुद्ध तथा जन्म दर्ता सम्बन्धि
अभिमुखीकरण कार्यक्रम
सहयोगी निकाय
unicef NEPAL
आयोजक


बालविवाह विरुद्ध प्रतिबद्धता गर्दैका तस्वीरहरु वडा नं.६
SHOT ON REDMI 7
AI DUAL CAMERA


वडा नं. ६ अभिमुखीकरण कार्यकका तस्वीर
बालविवाह विरुद्ध तथा जन्म दर्ता सम्बन्धि
अभिमुखीकरण कार्यक्रम
सहयोगी निकाय
unicef NEPAL
आयोजक


अभिमुखीकरण कार्यक्रम गर्दै वडा नं.४ का झलक


जन्मदर्ता अभियान तथा बालबिवाह बिरुद्ध कार्यकमा
प्रतिबद्धता गर्दैका तस्बीर
SHOT ON REDMI 7
AI DUAL CAMERA


गा.पा.स्तरिय अभिमुखीकरण कार्यकमको झलक


गा.पा. स्तरिय कार्यक्रम जगरनाथपुर, ४


गा.पा स्तरिय अन्तरक्रियात्मक छलफलमा सहभागीहरु


जन्मदर्ता अभियान कार्यक्रम प्रचारप्रसार का तस्वीर


गा.पा. स्तरिय कार्यक्रम गराउदै प्रशिक्षक सहित सहभागीहरुको तस्वीर


जन्मदर्ता अभियान तथा बालबिवाह बिरुद्ध कार्यक्रम का तस्वीरहरु वडा नं.४

# धन्यबाद